“आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार : समृद्ध रैनादेवी छहराको मूल आधार”

# रैनादेवी छहरा गाउँपालिकाको

# सार्वजनिक सुनुवाईमा पेश गरिएको

## अर्धवार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८०/८१

## रैनादेवी छहरा गाउँपालिका

पाल्पा

पृष्ठभूमिः

विकेन्द्रीकरणको अवधारणा अनुसार विकासका प्रयासहरूलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति, नियमहरू लागु गर्दै आएको छ । तिनै नीति, नियम तथा कार्यक्रमहरूले स्थानीय तहको संचालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाइरहहेका छन् । कुनै पनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जबाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जन गुनासोको प्रत्यक्ष रूपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरूले जबाफ दिने यो कार्यक्रम जनता प्रतिको जबाफदेहीता, उत्तरदायित्व र विकाससँग सम्बन्धित रहन्छ । रैनादेवी छहरा गाउँपालिकाको कार्यालयबाट प्रबाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सफल संस्थाको रूपमा स्थापना गर्नको लागि यो कार्यक्रमको आयोजना गरिएको हो ।

उद्देश्यः

यस कार्यक्रमको उद्देश्य रैनादेवी छहरा गाउँपालिकाको आ. व. २०८०/८१ को अर्ध वार्षिक प्रगति सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरू ग्रहण गर्नु हो। कार्यक्रमका थप उद्देश्य तपसिल अनुसार छ।

- वडा कार्यालयहरूबाट सम्पादन भएका काम र सेवा प्रति नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने।
- सेवा प्रदायक र नागरिक बीच प्रत्यक्ष अन्तरक्रिया गरी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने।
- सुशासन ऐन तथा नियमावली, सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने।
- स्थानीय तहका जनप्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरूलाई नागरिकहरू प्रति जवाफदेही बनाउन।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरूमा नागरिकहरूको सहभागिता वृद्धि गर्न।

अपेक्षाः

आजको यस सार्वजनिक सुनुवाई कार्यक्रमबाट हामीले आयोजना संचालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र सुधार गर्नुपर्ने दुबै पक्षको कार्यमूल्याङ्कन गरी गाउँपालिका र गाउँपालिकाबासीबीचको सम्बन्ध अझ प्रगाढ हुने अपेक्षा राखेका छौं ।

**<u>शाखागत अर्धवार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ ।</u>**

**<u>प्रशासन शाखाः</u>**

गाउँपालिकामा कार्यरत कर्मचारी विवरण यस प्रकार रहेको छ ।

| कार्यालय | दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|
| | | स्थायी | करार | |
| गाउँपालिका तर्फ | ३१ | १७ | ० | १४ |
| वडा कार्यालय तर्फ | १६ | ९ | ४ | ३ |
| सबै स्वास्थ्य संस्था तर्फ | ४० | १८ | २२ | ० |
| अन्य आयोजना तथा कार्यक्रम तर्फ | - | - | १६ | - |

रिक्त दरबन्दी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गरिएको ब्यहोरा अवगत गराउन चाहन्छु ।

**<u>आर्थिक प्रशासनः</u>**

आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट यस प्रकार रहेको छ ।

| **क्र.सं.** | **श्रोत** | **सङ्घीय** | **प्रदेश** | **आन्तरिक** |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १०,३२,००,०००/- | ७२,९२,०००/- | - |
| २ | राजस्व बाँडफाँड | ९,७९,७३,३००/- | ६१,१५,४५९ | - |
| ३ | विशेष अनुदान | ५०,००,०००/- | ०० | - |

| | | | | |
|---|---|---|---|---|
| ४ | समपुरक अनुदान | १,८५,००,०००/- | १,००,००,०००/- | - |
| ५ | शशर्त अनुदान | ३५,०५,००,०००/- | ८१,५०,०००/- | - |
| ६ | आन्तरिक श्रोत | - | - | ९०,००,०००/- |
| ७ | नगद अ.ल्या. | - | - | ३,६१,२५,०००<br>/- |
| **जम्मा** | | ५७,५१,७३,३००/- | ३,१५,५७,४५९/- | ४,५१,२५,०००/- |
| **कूल जम्मा** | | ६५ करोड १८ लाख ५५ हजार | | |

खर्चको अवस्थाः

| **खर्च शिर्षक** | **विनियोजित बजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| चालु | ४६ करोड ४१ लाख | १८ करोड ४९ लाख | ३९.८९% |
| पुँजिगत | १८ करोड ७६ लाख | २ करोड ७४ लाख | १४.५६% |

**<u>राजस्व सङ्कलन सम्बन्धी विवरणः</u>**

चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा देहाय बमोजिम राजस्व सङ्कलन भएको छ ।

| आय अनुमान | राजस्व सङ्कलन | प्रगति प्रतिशत |
|---|---|---|
| ९० लाख | ६० लाख ११ हजार | ६७ प्रतिशत |

**<u>न्यायिक समितिमा मुद्दाको अवस्थाः</u>**

२०८० श्रावण देखि २०८० पुष सम्म १३ वटा उजुरीहरु रहेका छन् ।

| गत आ.व.को अल्या सहित कुल पेश भएका उजुरी संख्या | उजुरी फिर्ता/संख्या | मेलमिलाप हुन नसकी सम्बन्धित निकायमा पठाइएको संख्या | उजुरी फछ्र्योट भई लगत कट्टा गरिएको संख्या | छलफलको क्रममा रहेको संख्या | कार्वाही नभएको संख्या |
|---|---|---|---|---|---|
| १७ | ० | ० | ७(सम्बन्धित निकायमा पठाएको समेत) | ९ | ० |

**<u>सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी विवरण:</u>**

- सबै वडामा अनलाइन घटना दर्ता सुरु गरिएको ।
- साउन महिनामा अपाङ्ग परिचयपत्र नविकरण सबै वडा कार्यालयमा गई स्वास्थ्य शाखा मार्फत गरिएको ।
- साउन देखी भदौ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका र गर्न योग्य व्यक्तिहरुको नवीकरण गरीएको ।
- आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु ३३०८ जना रहेका छन् ।
- दोस्रो त्रैमासिक देखि सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहरुको खातामा भुक्तानी गरिएको छ र दोस्रो त्रैमासिकमा ३३६६ जना लाभग्राहीहरु रहेका छन् ।
- आ.व. २०८०/०८१ बाट स्वीकृत बजेटबाट अध्यक्ष सँग जनता कार्यक्रम अन्तर्गत ७५ वर्ष भन्दा माथिका सबै वडाका जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण कार्यक्रम यहि माघ महिनामा सम्पन्न गरिएको छ । जसमा ७८६ जना जेष्ठ नागरिकहरुलाई कम्बल वितरण गरिएको थियो ।

**आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण खर्च निम्न प्रकार छ।**

| क्र.सं. | सामाजिक सुरक्षाको बर्गीकरण | प्राप्त गर्ने संख्या | खर्च रकम | कैफियत(मासिक दर) |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता | १,८५८ | २,२०,९७,०५५ | ४,००० |
| २ | जेष्ठ नागरिक दलित भत्ता | १८९ | १४,८१,६२० | २,६६० |

| | | | | |
|---|---|---|---|---|
| ३ | जेष्ठ नागरिक एकल महिला | २६२ | २०,८८,१०० | २,६६० |
| ४ | विधवा (एकल महिला) | ५३४ | ४२,२२,२१८ | २,६६० |
| ५ | (पूर्ण अपाङ्ग | ५४ | ६,३८,९३२ | ३,९९० |
| ६ | अतिअशक्त आपाङ्ग | १४९ | ९,३१,२६६ | २,१२८ |
| ७ | बालपोषण | २६२ | ४,०७,१३२ | ५३२ |
| | जम्मा | **३,३०८** | **३ करोड १८ लाख ६६ हजार** | |

**आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण खर्च निम्न प्रकार छ।**

| क्र.सं. | सामाजिक सुरक्षाको बर्गीकरण | प्राप्त गर्ने संख्या | खर्च रकम | कैफियत(मासिक दर) |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता | १,८८४ | २,२४,२८,०१६ | ४,००० |
| २ | जेष्ठ नागरिक दलित भत्ता | १९० | १५,०२,९०० | २,६६० |
| ३ | जेष्ठ नागरिक एकल महिला | २५६ | २०,३७,५६० | २,६६० |
| ४ | विधवा (एकल महिला) | ५४६ | ४३,१४,७९५ | २,६६० |
| ५ | पूर्ण अपाङ्ग | ५५ | ६,५८,३५० | ३,९९० |
| ६ | अतिअशक्त आपाङ्ग | १५७ | ९,८९,२५४ | २,१२८ |
| ७ | बालपोषण | २७८ | ४,१२,५१९ | ५३२ |
| | जम्मा | **३,३६६** | **३ करोड २३ लाख ४३ हजार** | |

घटना दर्ता सम्बन्धी संक्षिप्त विवरण :

| वडा नं | जन्म | मृत्यु | सम्बन्ध विच्छेद | विवाह | बसाई सरी आएको | बसाई सरी गएको |
|---|---|---|---|---|---|---|
| १ | ५१ | २० | ० | २१ | १ | ३७ |
| २ | ३४ | १० | २ | २४ | ० | २८ |
| ३ | ५४१ | १६० | २९ | २२७ | ४५ | ३१७ |
| ४ | ८०१ | २८४ | २७ | २९१ | ७० | ४०८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ३०९ | ११३ | ११ | १३४ | १६ | २०४ |
| ६ | ४६ | २३ | ५ | १४ | ० | २३ |
| ७ | २१ | १२ | ४ | ११ | ० | ९ |
| ८ | १९५ | ८० | ८ | ६७ | ३ | ६२ |
| **जम्मा** | **१९९८** | **७०२** | **८६** | **७८९** | **१३५** | **१०८८** |

**स्वास्थ्य शाखा:**

स्वास्थ्य शाखाबाट सम्पादन भएका कार्यविवरण देहाय बमोजिम रहेको छ ।

- एकिकृत घुम्ती शिविर मार्फत निःशुल्क स्वास्थ्य शिविर संचालन गरिएको जसमा २७१ जनाले सेवा लिएका छन् ।
- गाउँपालिकाको नियमित कार्यक्रम अन्तर्गतको बिद्यालयमा स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी संचालनको लागि वडा नं ८ को सत्यवती माध्यामिक बिद्यालयमा बिद्यालय नर्स कार्यक्रम सन्चालन गरेको ( मंसिर ७ गते )
- राष्ट्रिय स्वयं सेविका दिवसको अवसरमा सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका दिवस मंसिर १९ गते गाउँपालिकाको सभाहलमा उत्कृष्ठ ८ जनालाई सम्मान गरी भब्य रुपमा मनाइएको
- वडा नं १, सिद्धेश्वरमा आभारभूत स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको बस्ती देउलेमा सामुदायिक स्वास्थ्य ईकाईको स्थापना गरिएको ।
- स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि छहरा स्वास्थ्य चौकीलाई अत्याधुनिक माइक्रोस्कोप हस्तान्तरण गरेको
- ग्लोबल आई एम ई बैंक, नेपाल परिवार नियोजन संघ पाल्पा, स्वास्थ्य कार्यालय पाल्पाको आयोजना र गाउँपालिकाको ब्यबस्थापनमा निःशुल्क स्त्रीरोग तथा महिला प्रजनन स्वास्थ्य शिविर संपन्न गरिएको जसमा २७० जनाले सेवा लिनु भएको थियो भने भी.ई.ए. १५६ जना मध्ये संक्रमित ४ जना, पुरुष बन्ध्याकरण २ जनाले गर्नु भएको थियो
- संघीय बिशेष अनुदान अन्तर्गतको सुनौला हजार दिनका पोषण कार्यक्रम संचालन भएको जसमा ६ महिना देखि २ वर्ष सम्मका बालबालिकाहरुलाई सर्बोत्तम पिठो हरेक महिना निःशुल्क वितरण गरिएको, क्यालसियम ट्याबलेट निःशुल्क वितरण गरिएको तथा यस कार्यक्रमको स्वास्थ्य आमा समुह तह सम्म समिक्षा तथा अभिमुखिकरण सम्पन्न गरिएको

- नियमित खोप कार्यक्रम अन्तर्गतको खोप कार्यक्रमको समिक्षा तथा सुक्ष्म योजना कार्यक्रम सम्पन्न गरिएको
- स्वास्थ्य संस्थामा निःशुल्क रुपमा वितरण गरिने औषधि टेन्डर प्रक्रिया मार्फत खरिद गरी सबै स्वास्थ्य संस्थाहरुमा वितरण गरिएको
- ८० वर्ष माथिका जेष्ठ नागरिकहरु तथा क र ख वर्गको अपाङ्गता भएका व्यक्तिको घर घरमै गई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको ( ४४५ जना )

**यो आ.व.२०८०/०८१ मा रकम विनियोजित गरेको र गर्नुपर्ने कामको विवरण**

- अत्यावश्यक ईमरजेन्सी स्वास्थ्य सेवा प्रदान गर्नको लागि डिजिटल एक्सरे मेशीन खरिद प्रक्रिया शुरु भएको
- गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गर्नको लागि प्रत्येक घर घरमा घर धुरी सर्वेक्षण गरि जेष्ठ महिनामा घोषणा गर्ने कार्यक्रम रहेको
- निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम र ५०% स्वास्थ्य बिमा कार्यक्रम संचालन प्रक्रियामा रहेको
- गाउँपालिकाको ८० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको घरमै गइ गर्ने उपचार चैत्र मसान्त भित्र गर्ने कार्यक्रम रहेको
- समुदायमा लुकेर बसेका क्षयरोगका बिरामी खोज पडताल गर्ने कार्यक्रम चैत्र मसान्त भित्र गर्ने कार्यक्रम रहेको
- हरेक स्वास्थ्य चौकीहरुमा एकिकृत बाल स्वास्थ्य सेवा सम्बन्धि अनुशिक्षण कार्यक्रम जेष्ठ मसान्त सम्म गर्ने कार्यक्रम रहेको

**<u>समृद्धिका लागि वन परियोजनाः</u>**

- रैनादेवी छहरा गाउँपालिका सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० र निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० को तयारी ।
- वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न । उक्त बैठकमा समृद्धिका लागि वन परियोजनाको कार्यविधि र कार्यक्रमहरू बारेमा जानकारी, रैनादेवी छहरा गाउँपालिका भित्र भएका सम्भावित वृक्षारोपण योग्य सार्वजनिक जग्गा पहिचान सम्बन्धमा छलफल, रैनादेवी छहरा गाउँपालिकाको सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि र रैनादेवी छहरा गाउँपालिका निजी वन विकास तथा व्यवस्थापन कार्यविधिको मस्यौदा माथि छलफल ।
- रैनादेवी छहरा गाउँपालिका भित्र भएका सम्भावित वृक्षरोपण योग्य निजी, सार्वजनिक, ऐलानी, पर्ति तथा सरकारी जग्गाको पहिचान कार्य जारी रहेको।

**शिक्षा शाखाः**

- विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यदलको प्रतिबेदन बमोजिम तत्कालिन कार्य बमोजिम विद्यार्थी संख्या सून्य र अति न्यून भएका तिन विद्यालयका शिक्षक तथा कर्मचारीलाइ विद्यार्थी संख्या उच्च भएका अन्य विद्यालयमा काज सरुवा गरीएको ।
- प्राथमिक तहमा रिक्त शिक्षकको पदपूर्ति गर्न पालिकाका प्रतिनिधिको उपस्थितिमा विद्यालयद्धारा परीक्षा हुने दिन विहान गोलाप्रथाद्धारा विषय विज्ञ छनोट गर्ने र विषय विज्ञको पारीश्रमिक पालिकाबाट भुक्तानी गर्ने गरीएको । सो कार्यबाट परीक्षाको थप विश्वासनियता कायम रहेको ।
- एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तथा नयाँ पाठ्यक्रम प्रबोधिकरण तालिम शिक्षकहरूका लागी सञ्चालन गरिएको ।
- नियमित विद्यालय अनुगमनको कार्य गरिएको ।
- विद्यालयका प्रधानाध्यापक तथा शिक्षकसँग शैक्षिक अन्तरक्रिया सञ्चालन गरिएको सो कार्यक्रममा मुख्य विषयको विषय विज्ञको छनोट गरिएको ।
- कक्षा ४- ५ को स्थानीय पाठ्यक्रम तथा १-३ को स्थानीय पाठ्यपुस्तकको प्रारम्भिक मस्यौदा तयार गरिएको ।

तेस्रो र चौथो त्रैमासिकमा सम्पादन गरिने क्रियाकलापहरू :

- कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन गरिने ।
- सघन रूपमा विद्यालय अनुगमन गरिने ।
- अपाङ्गताको प्रारम्भिक पहिचान सम्बन्धी, आइ.सि.ट. वि.ब्य.स पदाधिकारी लगायतका तालिम कार्यक्रम सञ्चालन गरिने ।
- शिक्षकको दरबन्दी मिलानको कार्य गरिने ।
- कक्षा १-३ को पाठ्यपुस्तक तथा १-५ को पाठ्यक्रम शैक्षिक सत्र २०८१ देखि लागू गरिने ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम :**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस रैनादेवी छहरा गाउँपालिका को आ.व.२०८०/८१ मा न्यूनतम १०० दिनको रोजगारीमा संचालन हुने आयोजना र रोजगारी सिर्जना संख्या तपसिल बमोजिम छ ।

| क्रियाकलाप | आयोजना संख्या | सम्झौता भएको | रोजगारी लक्ष्य | रोजगारी सिर्जना | सम्झौता बाकी आयोजना | रोजगारीमा संलग्न हुन बाँकी श्रमिक संख्या |
|---|---|---|---|---|---|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ५ ओटा | ३ ओटा | २६ जना | १८ जना | २ ओटा | ८ |
| युवा रुप आयोजना | ८ ओटा | ४ ओटा | ३४ जना | २७ जना | ४ ओटा | ७ |

- प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रूप अन्तर्गत को ६ ओटा बाँकी आयोजनाहरूको इस्टिमेट तयार भएको छ । ५० दिनका रोजगारी सिर्जना पछि मात्र अर्को ५० दिनको आयोजना सम्झौता गर्न सकिने भएकोले बाँकी रहेको देखिन्छ ।
- यस रोजगार सेवा केन्द्रबाट वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति ५ जनाले लिएका छन् ।
- गम्भीर बिरामी कामदारले आर्थिक सहायता लागि वैदेशिक रोजगार बोर्डमा १ लाई सहजीकरण गरिएको

**योजना तथा भौतिक पूर्वाधारः**

उपभोक्ता समितिबाट कार्यन्वयन भएका कार्यहरु (खानेपानी योजनाहरु सहित)

| सि.नं. | वडा | योजना संख्या | इस्टिमेट भएको योजना संख्या | सम्झौता भएको योजना संख्या | फरफारक भएको योजना संख्या |
|---|---|---|---|---|---|
| १ | वडा नं १ | ४४ | ३८ | ३७ | १ |
| २ | वडा नं २ | ३५ | ३० | २७ | १६ |
| ३ | वडा नं ३ | ५२ | ५० | ५० | २४ |
| ४ | वडा नं ४ | ३६ | ३३ | २५ | ५ |
| ५ | वडा नं ५ | २९ | २९ | २७ | ७ |
| ६ | वडा नं ६ | २६ | २३ | २३ | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | **वडा नं ७** | २२ | २२ | २२ | १४ |
| ८ | **वडा नं ८** | ३४ | ३१ | ३१ | १६ |
| **जम्मा** | | २७८ | २५६ | २४२ | ९५ |

- सुन्दरेढुङ्गा-जुठापौवा-सालझण्डी सडक अन्तर्गत सुन्दरेढुङ्गा-नेपाने खण्ड पिच कार्य सम्पन्न भएको र आ.व. २०८०/८१ मा नेपाने-जुठापौवा खण्डको भौतिक संरचना निर्माणको लागि ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढेको ।
- ४ नं वडा कार्यालय-धजाबान्ने-तान्सिङ्गल-सातमुरे सडक अन्तर्गत छहरा देखि धजाबान्ने सम्मको पिच कार्य चालु आ.व.मा सम्पन्न हुनेछ ।
- धजाबान्ने-पेलाबास-३ नं वडा कार्यालय-तालपोखरा-अर्घाखाँची सडकको भौतिक संरचना निर्माण कार्य सम्पन्न हुन लागेको ।
- मेहलछेंडा-हात्तीगौंडा-बुढिदमार सडकको ठेक्का प्रक्रिया सम्पन्न भई कार्य प्रारम्भ हुन लागेको ।
- तान्सिङ्गल-सोमादी-सिद्धेश्वर सडकको ठेक्का सम्झौता सम्पन्न भई कार्य प्रारम्भ हुन लागेको ।
- रैनादेवी मन्दिरको भौतिक संरचना निर्माण कार्य अगाडि बढेको ।
- सिस्नेखोला ट्रस पुल र मझुवाघाट झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको ।
- धुँवापनी डाँडाको पहिरो जोखिमलाई मध्यनजर गर्दै उक्त स्थानमा भौतिक संरचना निर्माणका लागि ठेक्का प्रक्रिया अगाडि बढेको ।
- भगवती मा.वि.को चारकोठे भवन निर्माण भइरहेको।
- भट्टे लिफ्ट खानेपानीको नेपाल विद्युत प्राधिकरण मार्फत विद्युतीकरणको कार्य भएसँगै योजनाको कार्य अन्तिम अवस्थामा पुगेको।
- १५ शैयाको आधारभूत अस्पताल ४ नं वडाको अमलाबासमा निर्माणाधीन अवस्थामा रहेको ।

**<u>कृषि विकास शाखाः</u>**

- कृषि पकेट क्षेत्र कार्यक्रमको लागि आन्तरिक स्रोतबाट विनियोजन भएको ६ लाख रुपैयाँ गाउँपालिकाका सबै वडाहरूमा किवि र सूर्यमुखीको पकेट संचालनको लागि सूचना प्रकाशन गरी निवेदन संकलन भई स्थलगत अनुगमनको कार्य भईरहेको छ।

- आ.व. २०७९/८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रम निरन्तरताको लागि संघीय सरकार बाट विनियोजन ५ लाख रुपैयाँ २ नं वडा, सोमादीमा रहेको एक सहकारी र ४ नं वडा, मगालमा रहेको एक समूहमा कार्यक्रम निरन्तरताको लागि प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी निवेदन संकलन भई स्थलगत अनुगमनको कार्य भईरहेको छ।
- प्रदेश सरकार बाट हस्तान्तरित ५० हजार रुपैयाँ बाली कटानी तथा रिपोर्टिङ कार्यक्रमको मकै, धान र सुन्तलामा बाली कटानीको कार्य सम्पन्न भएको छ ।
- वडा नं.१ सिद्धेश्वरमा ५० हजार रुपैयाँको हिउँदे तरकारी बालीहरूको बिउबिजन वितरण कार्य सम्पन्न भएको।
- वडा नं. २ र वडा नं. ३ मा ३ लाख २० हजार रुपैयाँको आलु तथा प्याज बालीको बिउ वितरण कार्य सम्पन्न भएको।
- वडा नं. २, ४ र ५ मा ४ लाख ५५ हजार रुपैयाँको निलोतुथो र चुन वितरण कार्य सम्पन्न भएको।
- वडा नं. ४, ७ र ८ मा ३ लाख रुपैयाँको आँप र लिचिको बिरुवा वितरण कार्य सम्पन्न भएको।
- वडा नं. ६ मा ५० हजार रुपैयाँको च्याउको बिउ र ३५ हजार रुपैयाँको अकबरे खुर्सानीको बिउ वितरण कार्य सम्पन्न भएको।
- वडा नं. ४ मा थरी सुधारको लागि ६० हजार रुपैयाँ, मागमा आधारित कृषि सामग्री वितरण को लागि ४५ हजार रुपैयाँ, किवि विरुवा वितरणको लागि १० हजार रुपैयाँ र मिनिटिलर वितरणको लागि १ लाख ४० हजार रुपैयाँ बजेट छुट्टाएर सूचना प्रकाशन भई निवेदन संकलन भएको छ।

## आ.व.२०८०/०८१ का सम्पन्न हुन बाँकी कार्यक्रम

- गाउँपालिकाको आन्तरिक स्रोत अन्तर्गत कृषि नर्सरी निर्माण, मागमा आधारित कृषि तालिम, माटो ल्याव स्थापना कार्यक्रम जग्गा व्यवस्थापन नभएको कारण निर्माण हुन बाँकी रहेका।
- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम तरकारी खेती प्रर्वदन कार्यक्रम, किसान सुचीकरण कार्यक्रम र कोल्ड च्याम्बर निर्माण कार्यमक्रम सम्पन्न हुन बाँकी ।
- प्रदेश सरकारबाट हस्तान्तरित कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम निर्माण हुन बाँकी।

- कृषि यान्त्रिकीकरण कार्यक्रम तर्फ गाउँपालिका र वडा नं. १, ३ ,४, ६, ७ र ८ तर्फबाट २० लाख ६८ हजार रुपैयाँको मिनिटिलर र कुटानिपिसानी मिल वितरण कार्यक्रम सम्पन्न हुन बाकी।
- वडा नं. ५ ,६ र ७ मा ३ लाख ५८ हजारको प्लाष्टिक टनेल तथा मल्चिङ प्लाष्टिक वितरण हुन बाँकी।

<u>पशुपन्छी सेवा शाखाः</u>

- पशुपंन्क्षी को लागी औषधी खरिद आन्तारिक स्रोत बाट विनियोजन भएको रु.४,५०,००० सम्पन्न भएको।
- पशु ल्याव स्थापना को लागी आन्तारिक स्रोत बाट विनियोजन भएको रु.१,५०,००० कार्यक्रम सम्पन्न भएको।
- कृत्रिम गर्भाधान मिसन कार्यक्रम संघीय सरकारबाट हस्तान्तरित भएको रु.१,५०,००० कार्यक्रम संचालन भईरहेको छ।
- महामरी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम संघीय सरकारबाट हस्तान्तरित भएको रु.१,००,००० को औषधी खरिदको कार्य सम्पन्न भएको।
- वडा नं १ मा  वडा स्तरीय रु ७५,००० को पशुपन्क्षी औषधी खरिद कार्य सम्पन्न भएको।
- वडा नं २ मा वडा स्तरीय रु ५०,०००  को पशुपन्क्षी औषधी खरिद कार्य सम्पन्न भएको।
- वडा नं २ मा वडा स्तारीय बाख्रा खोर सुधार निर्माण कार्यक्रम रु १०,००० को दरले ३ जना किसान छनोट भई कार्य सम्पन्न भएको।
- वडा नं ३ मा वडा स्तारीय रु ८०,००० को पशुपंन्क्षी औषधी खरिद कार्य सम्पन्न भएको।
- वडा नं ५ मा वडा स्तारीय रु १,००,००० को पशुपंन्क्षी औषधी खरिद कार्य सम्पन्न भएको।
- वडा नं ६ मा वडा स्तारीय रु १,५०,००० को पशुपंन्क्षी औषधी खरिद कार्य सम्पन्न भएको।
- वडा नं ७ मा वडा स्तारीय रु १,००,००० को पशुपंन्क्षी औषधी खरिद कार्य सम्पन्न भएको।

- वडा नं ७ मा वडा स्तारीय रु ५०,००० को भकारो सुधार कार्यक्रम निवेदन संकलन गरी कार्य संचालन भईरहेको।
- वडा नं ८ मा वडा स्तारीय रु ८४,००० को पशुपंन्क्षी औषधी खरिद  कार्य सम्पन्न भईएको।

आ व २०८०/०८१ का सम्पन्न हुन बाँकी कार्यक्रम

- प्रदेश सरकारबाट हस्तान्तरित रु ५००००० को घाँसको श्रोत केन्द्र स्थापना कार्यक्रम हुन बाकी।
- संघीय सरकारबाट हस्तान्तरित रु १०,३८,००० को दुग्ध उत्पादन कार्यक्रम सम्बन्धी छलफल भई सुचना प्रकाशन गर्ने क्रममा रहेको।
- वडा नं ६ मा संघीय सरकारबाट संचालन हुँदै आएको गरिबसँग विश्वेश्वर कार्यक्रम रु २,००,००० को सम्पन्न हुन बाकी।

**भैपरी तथा विपद् :**

- त्रिपाल वितरण : ५२ थान
- पाइप वितरण : ९ जनालाई
- ग्याविन जाली वितरण : १०८ थान
- विपद् आर्थिक सहायता : २ लाख १५ हजार ५ सय रुपैयाँ
- विपन्न आर्थिक सहायता : १५ हजार रुपैयाँ

**अन्य कार्यहरूः**

- ७ नं वडाको बेलबासमा अस्थायी प्रहरी चौकी स्थापना गरी सञ्चचालनमा आएको छ ।
- अमलाबास, धजाबान्ने, छहरा र मेहलढाप बजार क्षेत्रलाई लक्षित गरी फोहर व्यवस्थापन सुरू गरिएको ।
- अनलाइन प्रणाली मार्फत राजस्व सङ्कलन कार्य सुरु भई सञ्चालनमा आएको ।
- जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको ।
- वडास्तरमै गएर योजना सम्झौता गरिएको ।
- वित्तीय सुशासन कायम गर्नका लागि भुक्तानी प्रक्रियालाई इ-पेमेन्ट अनिवार्य रूपमा लागु गरिएको ।

- गाउँपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि आवधिक योजना तर्जुमा प्रारम्भिक चरणमा रहेको ।
- गाउँपालिकाको सूचना प्रणालीलाई व्यवस्थित र सर्वसाधारणमा सहज पहुँच पुऱ्याउनको लागि गाउँपालिकाको मोबाइल एप निर्माणको क्रममा रहेको ।
- स्थानीय तह संस्थागत स्वमूल्याङ्कनमा ७४.५% तथा वित्तीय जोखिम स्वमूल्याङ्कनमा पनि ७४.५% अङ्क प्राप्त गरी पाल्पा जिल्लामा दोस्रो स्थान हासिल गर्न सफल भएको ।

**<u>चुनौतीहरू:</u>**

- गुणस्तरिय, दिगो, प्रतिफलमुखी तथा रुपान्तरणकारी योजना तथा कार्यक्रमको तर्जुमा गर्नु ।
- उपभोक्ता समितिको कार्यशैली र सोच नाफामूलक हुनु ।
- बृहत्तर क्षेत्र एवम् जटिल भौगोलिक धरातलिय स्वरुप रहनु ।
- विकासलाइ सर्वोपरि ठानी दलिय ऐक्यबद्धता तथा सर्वपक्षिय दायित्वबोध कायम गर्नु ।
- दरवन्दी अनुरुप कर्मचारीको पदपूर्ति गरिनु ।
- उपभोक्ता लगायत नागरिकहरुमा अधिकार सँगै सचेतना, जिम्मेवारी तथा कर्तव्यबोध कायम गराउनु ।
- योजना कार्यान्वयनमा संघ तथा प्रदेश बीच समन्वय कायम गर्नु ।
- संविधान बमोजिम प्राप्त अधिकार, जिम्मेवारी र दायित्व बमोजिम कार्यान्वयन गर्न सक्ने संरचना र संयन्त्रको विकास गरिनु ।
- सर्वपक्षीय अनुशासन तथा असल आचरण अबलम्बन गर्नु ।

**<u>अवसर र सम्भावनाहरू:</u>**

- कृषि,पशु तथा पर्यटन क्षेत्र विकासको प्रचुर सम्भावना ।
- सक्षम तथा उर्जाशिल कर्मचारीतन्त्र ।
- विकास तथा समृद्धि प्रति प्रतिबद्ध तथा जिम्मेवार जनप्रतिनिधि ।
- ढुंगा, गिट्टी तथा वन पैदावरको पर्याप्त स्रोतको भण्डार ।
- खानीजन्य उद्योगको सञ्चालन भएकोमा आन्तरिक आयमा बढोत्तरीको संभावना ।
- बढ्दो बजारीकरणसँगै करको दायरामा विस्तार ।

**<u>गाउँपालिकाले सोँचेको आगामी कार्यदिशाः</u>**

- आन्तरिक आय बढोत्तरी गर्न करका दायरा विस्तार गर्नु पर्ने ।
- योजना तथा कार्यक्रम दिगो तथा प्रतिफलमूखी तर्जुमा गर्ने ।
- विकास तथा समृद्धि प्रति साझा धारणा तथा ऐक्यबद्धता कायम गर्ने ।
- अधिकार र कर्तव्यलाइ सँगसँगै एकसाथ बोध गर्नु पर्ने ।
- नियमित रुपमा समिक्षा गर्नु पर्ने ।
- अनुशासन र असल आचरण तथा दायित्वबोधको विकास गर्नु पर्ने ।
- संघ र प्रदेशसँग नियमित समन्वय र सहकार्य गर्नु पर्ने ।
- नीतिगत निर्णय र बजेट विनयोजन गर्दा दीर्घकालिन महत्व र प्रभावलाई विश्लेषण गर्नुपर्ने।
- चुनौतीसँग जुध्दै संभावनाहरुलाइ पछ्याउदै जानु पर्ने ।